

दरामदिनलाई पराजित गर्दै सुम्बुक एफसीले हत्यायो असारे कप च्याम्पियनशीपको उपाधि

सोरेङ, १० जुलाईः पश्चिम सिक्किमको दरामदिन क्षेत्रअन्तर्गत तन्चोक-सलाङदाङ जीपीयूमा अनइम्प्लोइड यूनियनद्वारा आयोजित असारे फुटबल च्याम्पियनशीपको समापन तथा फाइनल खेल सलाङदाङ प्राथमिक पाठशालाको खेल मैदानमा सम्पन्न भयो। उक्त कार्यक्रममा मुख्य अतिथिको रूपमा पञ्चायत सचिव डीआर भुजेल उपस्थित थिए भने साथमा सम्पूर्ण पञ्चायत सदस्य, आरडीए, शिक्षक-शिक्षिकागण, विद्यार्थी, अभिभावक र अन्यको उपस्थित थिए।

गत २७ जूनदेखि शुरू भएको उक्त प्रतियोगिताको उद्घाटन कार्यक्रमको दिन दरामदिन सीएलसी सभापति पवित्र राई मुख्य अतिथि रहेकी थिइन्। उक्त असारे फुटबल प्रतियोगितामा २० दलले अंशग्रहण गरेका थिए, जसमध्ये दरामदिन सीआर-७ र सुम्बुक एफसीबीच फाइनलमा पुग्न सफल भयो। रोमाञ्चक रहेको फाइनल भिड्न्तमा सुम्बुक एफसीले दरामदिनलाई शून्यको विरूद्ध एक गोल गरेर असारे कप फुटबल प्रतियोगिताको उपाधि आफ्नो झोलीमा पाऱ्यो। प्रतियोगिताका विजयी दल अनि उपविजयी दललाई मुख्य अतिथिको बाहुलीबाट नगद राशिसहित ट्रफी प्रदान गरियो भने धीरज सापकोटाद्वारा सञ्चालित उक्त कार्यक्रममा स्वागत सम्बोधन एनआर शर्माले राखेका थिए।

आउँदो सिजन मेरो लागि चुनौती र महत्वपूर्णः नेइमार

साओ पाउलो, १० जुलाई

बार्सिलोनाका व्यवसायिक ब्राजिली स्ट्राइकर नेइमारले आउँदो सिजन आफ्नो खेल जीवनको सबैभन्दा महत्वपूर्ण समय रहेको बताएका छन्।

२०१८ मा रूसमा फिफा विश्व कप र लुइस एनरिकको बर्हिगमनपछि बार्सिलोनामा नयाँ प्रशिक्षकको आगमनका कारण आफ्नो लागि २०१७-२०१८ को सिजन महत्वपूर्ण रहने उनले बताएका हुन्।

२५ वर्षीय नेइमारबाट ब्राजिलले मात्र होइन, बार्सिलोनाले पनि थुप्रै आशा राखेको छ। एनरिकको प्रशिक्षणमा नेइमारले बार्सिलोनामा त्यति मौका पाएका थिएनन्। उनको क्षमताअनुसार एनरिकले नेइमारलाई मौका नदिएको आरोप पनि लागेको थियो।

२०१४ मा आफ्नै देशमा आयोजना भएको विश्व कपमा ब्राजिल नराम्रोसँग पराजित भएको थियो। ५ पल्टको च्याम्पियनलाई सेमिफाइनलमा विश्व विजेता जर्मनीले उसैको मैदानमा ७-१ गोलअन्तरले पराजित गरेको थियो। त्यसैले आउँदो विश्व कप नेइमारका लागि निकै महत्वपूर्ण रहने बताइन्छ।

क्याम्प नोउमा गत अक्टोबर थप पाँच वर्षको सम्झौतान नवीकरण गरेका नेइमारले आगामी सिजनको लागि आफू तयार भएको बताए। 'मैले आशा राखेको छु, आउँदो सिजनले धेरै सफलता र खुसी ल्याउनेछ,' ब्राजिलमा आयोजना भएको एउटा च्यारेटी इभेन्टमा समावेश भएका नेइमारले भने।

पैसा तिरेपछि मेसीको जेल सजाय खारेज

बार्सिलोना, १० जुलाई

स्पेनी क्लब बार्सिलोनाका अर्जेन्टिनी स्ट्राइकर लियोनल मेसी र उनका पिता जर्ज होरासियो मेसीमाथि स्पेनी एक अदालतले लगाएको जेलसजाय खारेज भएको छ। मेसी र उनका पिता जेल सजाय बराबरको अतिरिक्त रकम तिर्न तयार भएपछि स्पेनी अदालतले उनीहरूमाथि लगाएको जेलसजाय खारेज गरेको हो। स्पेनी अदालतले कर छली गरेको आरोपमा मेसी र पिता जर्जमाथि २१ महिनाको जेलसजाय तोकेको थियो। यद्यपि पिता जर्जको सजाय भने पछि १५ महिनामा झारिएको थियो।

गत वर्ष कर छली गरेको आरोप पुष्टि गर्दै स्पेनी अदालतले मेसी र उनको आयव्यय सम्हाल्ने पिता जर्जमाथि सो सजाय सुनाएको थियो। स्पेनमा २४ महिनासम्मको जेल सजाय बाहिरै बसेर काट्न मिल्ने व्यवस्था गरिएको छ। त्यसैले मेसी बार्सिलोनाका लागि नियमित खेल्दै आइरहेका थिए। उनका पिता पनि जेलबाहिरै थिए। स्पेनी अदालतले मेसी र उनका पिता जर्जले सन् २००७ देखि ००९ को अवधिमा तीनपटक कर छली गरी स्पेनलाई ४६ लाख अमेरीकी डलर बराबरको नोक्सानी पुर्याएको ठहर गरेको थियो। अदालतले मेसीले विज्ञापनलगायत विभिन्न क्षेत्रबाट गरेको आम्दानी आफ्नो देशमा फर्काउँदा कर छली गरेको जनाएको थियो। बार्सिलोनास्थित सो अदालतको निर्णयलाई गत मेमा स्पेनको उच्च अदालतले समेत सदर गरेपछि मेसी र उनका पिता जर्ज समस्यामा परेका थिए।

मेसीले आफूमाथि लागेको जेलसजाय खारेज गर्नका लागि दुई लाख ८७ हजार अमेरिकी डलर तिर्न तयार भएका छन्। उनका पिता जर्जले भने दुई लाख पाँच हजार अमेरिकी डलर तिर्नेछन्।

२३ दिन लामो अलमलको अन्त्य, रोनाल्डो म्याड्रिडमै बस्ने

लण्डन, १० जुलाई

कर छलीको आरोपमा क्लबले सहयोग नगरेको भन्दै म्यानचेस्टर युनाइटेड फर्किने तयारीमा रहेका पोर्चुगलका स्टार स्ट्राइकर क्रिस्टियानो रोनाल्डो रियल म्याड्रिडमै बस्ने तय भएको छ। उनको यो निर्णयले म्यानचेस्टरलाई गम्भीर धक्का लागेको छ।

जोसे माउरिन्होको प्रशिक्षणमा रहेको म्यानचेस्टर यो सिजन क्लबमा स्टार स्ट्राइकरलाई भित्र्याउन लालायित थियो। तर, रियल म्याड्रिडमा कुरा मिलेपछि रोनाल्डोले यो सिजन क्लब नछोड्ने निर्णय गरेका छन्।

रोनाल्डोलाई क्लबमा भित्र्याउन फ्रेन्च क्लब पेरिस सेन्ट जर्मनी पनि कस्सिएर लागेको थियो। कर छलीको मुद्धा बाहिरिएपछि रोनाल्डो क्लबको व्यवहारलाई लिएर निरास थिए। २३ दिन लामो अलमललाई चिर्दै रोनाल्डो म्याड्रिडमै बस्न राजी भएको स्पेनिस पत्रिका एएसले बताएको छ।

यसबीच क्लब अधिकारीसँग सम्पर्कमा नरहेका रोनाल्डोको कप्तान सर्जियो रामोससँग नियमित जस्तो फोनवार्ता भइरहेको थियो। यसको खुलासा रामोसले गरेका छन्।

क्लबमा उनको भूमिकालाई प्राथमिकता दिनेजस्ता सकारात्मक अवस्था बनेपछि रोनाल्डो म्याड्रिडमा बस्न राजी भएको बताइएको छ। रोनाल्डो र बार्सिलोनाका स्टार स्ट्राइकर लिओनल मेसीबीच लामो समयदेखि उत्कृष्टताको लडाई छ। मेसी ५ पल्ट विश्व उत्कृष्ट खेलाडी घोषित भइसकेका छन् भने रोनाल्डो चार पल्ट बनिसकेका छन्।

रोनाल्डो क्लबमा नफर्किने देखेपछि म्यानचेस्टरले इभर्टनबाट बेल्जियम स्ट्राइकर रोमेलु लुकाकुलाई भित्र्याएको बताइएको छ।

ल्युक फ्लेचर बललेे लागेर क्रिजमै ढले, समित पटेलको रुवावासी

एट्बस्टन, १० जुलाई

इङ्गल्याण्डको बर्मिङ्घमस्थित एट्बस्टन क्रिकेट मैदानमा दर्शकहरु स्तब्ध देखिए, जब बर्मिङघमका ब्याट्सम्यान सेम हेनको कडा प्रहार सोझै नटिङ्घमसायरका बलर ल्युक फ्लेचरको टाउकोमा ड्याम्म लाग्यो। यतिबेला सबैले केही वर्षअगाडि ब्याटिङ गर्ने क्रममा बलले लागेर ज्यान गुमाएका अस्ट्रेलियाली ब्याट्सम्यान फिलिप ह्युजको स्मरण गरेका थिए।

फ्लेचर बलले लागेर क्रिजमै ढले। तर, भाग्यले उनी बाँच्न सफल भए। हेनको स्ट्रेट ड्राइभमा घाइते बनेका फ्लेचरलाई हेर्न तत्कालै चिकित्सक मैदानमा प्रवेश गरे। उनलाई टाउकोमा रुमाललेे थिचेर बाहिर निकालिएको थियो। यसपछि सिधै नजिकको एलिजावेथ अस्पताल पुर्याइयो।

यो घटनाका कारण नटिङ्घमसायरका खेलाडी चिन्तित बनेका थिए। समित पटेल त रुन नै थालेका थिए। क्लबका प्रशिक्षक पिटर मुर्सले खेलाडीलाई सम्बोधन गर्दै संयमता अपनाउन आग्रह गरे। घटनाका कारण लगभग ३० मिनेट खेल रोकियो।

इङ्गलिस खेलाडी ज्याक बलले आफ्नो साथी ल्युक फ्लेचरको फोटो आफ्नो ट्विटरमा अपलोड गरे। जसमा ल्युक एम्बुलेन्समा अक्सिजन लिइरहेका देखिएका छन्। उनले दुवै हाथको बुढी औला देखाएर अफू सकुशल रहेको सन्देश दिन खोजेका छन्।

ल्युकलाई दिनभरी अब्जरवेशनमा राखेर आइतवार छुट्टी दिइएको अस्पतालले बताएको छ। ल्युकले ट्विटरमार्फत आफ्नो लागि प्रार्थना गर्ने सबैलाई धन्यबाद भनेका छन्।

नर्थ ग्रुपका लागि खेलिएको यो खेलमा फ्लेचरकै नटिङ्घमसायर पराजित भयो। उसलाई बर्मिङ्घमले ६ विकेटले पराजित गरेको थियो।

प्रिमियर लिगका तीन महँगा खेलाडी

लण्डन, १० जुलाई

व्यवसायिक क्लबहरूले खेलाडी किन्नु नौलो विषय होइन। खेलाडीहरुको मूल्य उनीहरुले खेलमा गरेको लगनशीलता, लगानी, परिश्रम र मेहन्तका आधारमा निर्धारण हुने गर्छ। राम्रो खेल खेल्ने खेलाडीहरु महँगो मूल्यमा किनबेच हुने गर्दछन्।

प्रिमियर लिग फुटबल एउटा यस्तो प्रतियोगिता हो जहाँ महँगो दरमा खेलाडीहरु किनबेच हुने गर्छन्। प्रिमियर लिगको इतिहासमा धेरै मूल्यमा बिक्री भएका तीन खेलाडीहरु यी हुन्:

१. पौल पोग्वा: प्रिमियर लिगको इतिहासमै शीर्ष स्थानको महंगो खेलाडीका रुपमा चिनिएका छन् पोग्बा। उनी म्यानचेस्टर युनाइटेडमा ८९ मिलियन पौण्डमा हस्ताक्षर गरेर अनुबन्धित भएका हुन्।

उनी बेलाबखत केही यस्ता गल्तीहरु पनि गर्छन् जुन घटनाले उनी चर्चाको शिखरमा त आउँछन् नैं त्यसले जीवनमा पनि उलटपुलट ल्याउँछ। पोग्वा एकताका जुबेन्टस क्लबमा निःशुल्क फुटबल खेल्न गएका थिए। तर पछि उनले महँगो रकमको माग गरे र विवादित पनि बने।

२. रोमेलु लुकाकु: उनी म्यानचेस्टर युनाइटेडमा ७५ मिलियन पाउण्डमा हस्ताक्षरित भएका हुन्। उनी प्रिमियर लिगमा दोस्रो नम्बरका महंगा खेलाडीका रुपमा चिनिन्छन्। यसअघि एभर्टनले उनलाई सन् २०१४ मा २८ मिलियन पौण्डमा अनुबन्धन गरेको थियो।

३. एंगेल डि मारिया: एंगेल मारिया म्यानेस्टर युनायटेडमा ५९.७ मिलियन डलरमा अनुबन्धन हुँदै तेस्रो महँगो खेलाडीका रुपमा पहिचान बनाउन सफल भए। यी अदभूत क्षमताका धनि फुटबलर अर्जेन्टिनाका व्यवसायिक फुटबल हुन्। सन् २००८ मा अर्जेन्टिनाले ओलम्पिकको उपाधि उचाल्दा उनले नैं गरेको गोल निर्णायक बन्दै स्वर्ण पदक हात पारेको थियो। उनले दुइ पटक विश्वकप फुटबलमा भाग लिए भने तीन पटक कोपा अमेरिका कपमा पनि सहभागिता जनाए।

पेपेले गरे टर्किस क्लबसित २ वर्षको सम्झौता

लण्डन, १० जुलाई

रियल म्याड्रिडका भेट्रान पोर्चुगिज डिफेन्डर पेपेले टर्किस क्लब वेसिक्टास पोर्चुगिजसँग दुई वर्षको सम्झौता गरेका छन्। स्पेनिस क्लब म्याड्रिडले फुकुवा गरेपछि पेपे बेसिक्टाससँग आबद्ध भएको एल मार्कालेे जनाएको छ। पेपे र बेसिक्टासबीचको सम्झौता रकम खुलाइएको छैन।

पेपेले म्याड्रिडमा दश वर्ष बिताएका छन्। सन् २००७ मा उनी एफसी पोर्टोबाट स्पेनिस महारथी क्लब म्याड्रिडसँग आबद्ध भए। यस क्रममा उनले ३ सय ३७ खेलमा १३ गोल गर्न सफल भए। एक दशकको यात्रामा पेपेले तीनपटक युरोपियन च्याम्पियन्स लिग तथा दुईपटक स्पेनिस लिग उपाधि जित्न सफल भए।

३४ वर्षीय डिफेन्डरले गत सप्ताह मात्र पोर्चुगललाई कन्फडेरेसन कपमा तेस्रो स्थान दिलाएका थिए। गत वर्ष पोर्चुगललेे पहिलोपटक युरोकप जित्दा पेपे महत्वपूर्ण खेलाडी बनेका थिए। फ्रान्समै सम्पन्न युरोकपको फाइनलमा पोर्चुगललेे आयोजकलाई अतिरिक्त समयमा १-० ले हराएको थियो।

टर्किस क्लब वेसिक्टाससँग सम्झौतापत्रमा हस्ताक्षर गरिरहँदा पेपे केही क्षण भावुक देखिए। एक दशकसम्म म्याड्रिडमा रहँदा उनले धेरै साथी बनाए। म्याड्रिडकै स्टार फरवार्ड क्रिस्टियानो रोनाल्डोलाई धेरै मिस गर्ने उनले बताए। 'म्याड्रिड एक किसिमले घरजस्तै बनिसकेको थियो, अहिले सान्टिएगो बर्नाबेउ छाड्दा म भावुक बनिरहेको छु,' पेपेले भने, 'यहाँ मैले राम्रो र नराम्रो दिन बिताएँ।'

स्थिर छैन खेलाडीको मूल्य

चालू दशकभर अग्रणी प्रिमियर लिग क्लबले सामान्य लाग्ने एक प्रश्नको जवाफ खोज्न हजारौं घण्टा समय र कयौं किलोवाट दिमागीय शक्ति लगाएका छन्- एउटा खेलाडीको खास मूल्य कति भनेर कसरी निधो गर्ने त?

यसमा बुझ्न सकिने जति हरेक पक्षलाई ध्यान दिइन्छ। प्रष्ट र नदेखिने, वस्तुगत र विषयगत। हरेक खेलाडीको प्रदर्शन र परिणाम खुटयाउने हजारौं किसिमका तथ्यांकका अलावा खेलाडीको उमेर, खेल्ने पोजिसन, राष्ट्रियता, अनुबन्धन अवधि र व्यापार मूल्यजस्ता पक्षलाई समीकरणमा मिसाइन्छ। साथै खेलाडीको वर्तमान क्लबको क्रयशक्ति, उसका सहकर्मीहरूको मूल्य र अग्रजहरूको मूल्यलाई पनि घानमा हालिन्छ।

यो मोडल सधैं परिमार्जन भइरहन्छ। यो मूल्य निर्धारण प्रणाली फुटबल जत्तिकै बलियो छ। यसले ठयाक्कै यति भनेर मूल्यअंक हिसाब गर्दैन। वास्तवमा यसले एउटा मार्गदर्शन प्रदान गर्छ, जसका आधारमा टीम व्यवस्थापकलाई कुनै खेलाडीमाथि निशाना लगाउँदै उपयुक्त मूल्य निर्धारण गर्न सहज हुन्छ।

यो प्रणालीको विकास र निरन्तर सुधारमा संलग्नहरूलाई थाहा छ कि यस्ता खाले मार्गदर्शनले त्यतिखेर काम खासै गर्दैन जतिबेला सरुवा बजार खुल्छ। आखिर, चेल्सीका व्यवस्थापक एन्टोनियो कोन्टेले गत वर्ष भनेकै हुन्, 'यो फुटबलको पागल युग हो।'

'साधारणतया मूल्य एकदम चर्को छ। बजारै त्यस्तो छ,' उनले भने, 'एउटा खेलाडी किन्न खोज्दा धेरै मूल्य तिर्न तयार हुनुपर्छ। खासमा त्यो खेलाडीको यथार्थ मूल्य नै होइन। एकदमै अनौठो अवस्था छ।'

सरुवा बजार खुल्नुअघिको यो समयमा घटनाक्रम यसरी अगाडि बढेका छन्, जसका आधारमा यो परिस्थिति झन् सघन हुँदै गएको प्रतीत हुन्छ।

फुटबलका भित्रियाहरू आकासिदो मूल्यस्फीतिसँग परिचित छन्। यो मूल्यस्फीतिलाई पैसाको खोलो बग्ने प्रिमियर लिग, युरोप महादेशका सुपरक्लबहरूको बढ्दो आम्दानी र चिनियाँ सुपर लिगका टीमहरूले देखाइरहेको ठूलो रकमको लोभले झन-झन तीव्र पारेका छन्। सरुवा बजारलाई निरन्तर नियालिरहेकाहरूलाई पनि ठम्याउन गाह्रो पर्छ। कसको कतिबेला कति मूल्य चढ्ने हो भन्ने थाहा हुन्न।

उदाहरणका लागि एभरटनले आफ्ना स्ट्राइकर रोमेलु लुकाकुको मूल्य सय मिलियन पाउण्ड तोकेको छ। बार्सिलोनाले पेरिस सेन्ट जर्मेनबाट मिडफिल्डर मार्को भेराटीका लागि त्यति नै तिर्नुपर्ने हुनसक्छ। जबकि बेल्जियनका शक्तिशाली फरवार्ड २४ वर्षीय लुकाकु र इटालीका रचनात्मक मिडफिल्डर भेराटीबीच कमै मात्र समानता छ। उनीहरूको पोजिसन पनि मिल्दैन र मूल पनि मिल्दैन।

सिद्धान्ततः समानजस्ता देखिने खेलाडीको मूल्यबारे पनि यकिन गर्न सकिँदैन। म्यानचेस्टर युनाइटेडले हालै मात्र ३८ मिलियन डलरमा बेन्फिकाबाट २२ वर्षीय स्वीडिस रक्षक भिक्टर लिन्डेलोफलाई भित्र्यायो। यसै गरी त्यति नै पैसामा लिभरपुल आफ्ना युवा रक्षक मामाडोउ साखोलाई बेच्न चाहन्छ। योर्गन क्लोपले गत वर्षभर नै साखोलाई बेन्चमा राखे। साउथह्याम्पटनले रक्षक भिर्जिल भान डिकलाई त्योभन्दा दोब्बर मूल्य लगाउने दाउ देखेको छ। यस्तो लाग्दैछ कि मानिसहरू हावामा औंला उठाएर हावा कता बग्दैछ भनेर हेर्दै छन्।

दुई साताअघिसम्म स्टोक सिटीले आफ्ना इङलिस गोलरक्षक ज्याक बटल्यान्डका लागि आएको २० मिलियन पाउन्डको प्रस्तावमाथि विचार गरिरहेको थियो। तर एभरटन अर्का युवा इङ्गलिस गोलरक्षक जोर्डन पिकफोर्डका लागि सन्डरल्यान्डलाई त्यति नै पैसा तिर्न राजी भयो। स्टोकले पनि अब विचार फेरेको छ। बटल्यान्ड अझै उही खेलाडी हुन। हुनसक्छ, उनी अझ धेरै मूल्यमा बिक्न सक्छन्।

बजारले मूल्य फेर्न सक्छ। त्यस्तै वातावरणले पनि। गत वर्ष न्युकासल युनाइटेड प्रिमियर लिगबाट तल झऱ्यो। त्यतिबेला उसलाई थाहा थियो, दुई मुख्य खेलाडीलाई राम्रो मूल्यमा बेच्न सकिन्छ, फ्रेन्च मिडफिल्डर मौसा सिसिको र डच विंगर जर्जिन्हो विज्नाल्डुम। क्लबले हरेकबाट कम्तीमा १५ मिलियन निकाल्न सकिने आँकडा निकाल्यो। तर रियल म्याड्रिडले सिसिकोबारे जान्न खोज्यो र न्युकासलले सोचेभन्दा झन्डै दोब्बर तिर्न सकिने संकेत गऱ्यो। त्यसै अनुसार न्युकासलले मूल्य बढायो। जब संचारमाध्यमले विज्नाल्डुमले २५ मिलियन पाउण्ड तान्न सक्ने कुरा बाहिर ल्याए। उनीमाथि इच्छा राख्ने एभरटन र लिभरपुल पछि हट्टेनन्। नभन्दै नयाँ मूल्यमा दुवै खेलाडी बेचिए। यो एउटा निकै चोटिलो उदाहरण हो।

धेरैजसो क्लबमा कसैका लागि कति मूल्य राख्ने वा तिर्ने भनेको एउटा लहडको विषय हो। इटालियन क्लब लाजियोका खेल निर्देशक इग्ली तारेका अनुसार अन्ततः सरुवा बजारको ज्ञान र बुझाइअनुसारै खेलाडीको मूल्य लाग्ने गर्छ। जबकि खासमा उमेर, टीमका लागि महत्त्व र पछिल्ला सिजन उसको खेलस्तरअनुसार मूल्य निर्धारण हुनुपर्ने हो।

यस्ता खाले लहडी र मनलाग्दीपूर्ण मूल्य परम्पराले युरोपभर घर गरेको छ। यस्तोमा गुपचुपको खेल हुन्छ। अब कसका लागि कति तिर्न तयार हुने भन्ने विषयमा सायदै कसैले खुलेर भन्ने अवस्था रहने भयो।

'सबै क्लबका लागि यो एउटा गोप्य पकवानकला जस्तो भइसक्यो,' बुन्डेसलिगा क्लब वोल्भसबर्गका निर्देशक ओलाफ रेब्बे भन्छन्, 'हरेक क्लबले आ-आफ्नो तरिकाले निर्णय गर्छन्।' स्थिति कस्तो देखिन्छ भने सरुवा बजारमा एकखाले अन्योल छ। विशेषज्ञ भनिनेहरूले पनि अँध्यारोमा गोली हान्ने हुन्। क्लब वा खेलाडीको आ-आफ्नै खाले मूल्यनिर्धारण मापदण्ड चल्दै छ। हरेकको मामिला फरक छ।

रेब्बे र तारेका अनुसार एउटा खेलाडी बेच्दा दिमागमा एउटा मूल्य पहिल्यै राखेर काम हुन्छ। क्रेताका बारेमा ध्यान राखिन्न। धेरैजसो इङ्गलिस क्लबको गुनासो यो छ कि उनीहरूले युरोपेली बजारबाट खेलाडी किन्न खोज्दा जर्मनी, इटाली वा स्पेनका क्लबलाई भन्दा बढी मूल्य लगाउन खोजिन्छ।

अचम्म केही मान्नुपर्दैन। धेरैजसो क्लबहरू सरुवा मूल्यलाई एउटा ढाँचामा ल्याउने कामलाई त्यति विश्वासिलो र व्यावहारिक मान्दैनन्। म्यानचेस्टर सिटी, लिभरपुल र चेल्सीले एउटा पद्धति ल्याउन नचाहेका होइनन्। तर आर्सनलको विश्लेषण सहयोगी स्टाटडिएनएका कर्मचारीहरू फरक मत राख्छन्। उनीहरूका अनुसार हरेक अनुबन्धनलाई परिप्रेक्ष्यले असर पार्ने बताउँछन्।

मूल्य निर्धारण पद्धतिका पछाडि धेरै समय खर्चेकाहरू पनि यस्तोमा धेरै सीमितता देख्छन्। 'हामीले बजारमूल्य निर्धारणनिम्ति मोडलहरू बनाएका छौं,' धेरै उच्चस्तरीय टीमका लागि परामर्श दिने डिसिजन टेक्नोलोजीका संस्थापक हेनरी स्कट भन्छन्, 'तर त्यस्तो कयौं तथ्य हुन्छन् जसलाई हेक्का गरिएकै हुन्न।'

खेलाडीलाई क्षमताका आधारमा कुनै पनि पोजिसनमा स्तरीकरणनिम्ति तथ्यांकहरू प्रयोग गर्न सकिने स्कट बताउँछन्। कसलाई पठाउने, कसलाई ल्याउने भन्ने क्लबको कस्तो उद्देश्य छ भन्ने कुराबाट निर्देशित हुनेगर्छ। जस्तो युरोपका लागि छनौट हुने, लिगको कुनै स्थान विशेषमा आउने वा रेलिगेसनबाट बच्ने। त्यसैले प्रायः भावले निर्देशित गर्छ मूल्य निर्धारणलाई।

'बजार मूल्य बेच्ने र किन्नेको इच्छाबाट अगाडि बढ्छ,' स्कटले भने, 'तर अन्य पक्ष पनि आउँछन्। समान क्षमताको खेलाडी सानो क्लबमा खेलिरहेको छ भने थोरै तिरिन्छ।' सारा मोडल, विज्ञान, अनुसन्धान, घण्टौंका तयारी पश्चात् पनि आखिर को कतिसम्म तिर्न तम्सिन्छ भन्नेले अर्थ राख्छ। स्कट कसैका लागि मूल्य तोक्ने काम गर्दैनन्। 'मैले देखेको कुरा क्लबहरूलाई राखिदिने हो। म मात्रै भन्ने गर्छु, तिर्न सक्छौ भने तिर वा घटाउने सक्छौं भने पनि घटाउ। सक्दैनौं वा बढाउनुपर्ने भयो भने नगर,' उनी सुझाउँछन्।